१२९९ । ८२३

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ५०६/२०७२/०७३

निर्णय नं. ८२३

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), गौशाला नगरपालिका कार्यालय, महोत्तरी ...................१ विपक्षी

सूचना अधिकारी, गौशाला नगरपालिका कार्यालय, महोत्तरी ..........................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले गौशाला नगरपालिकाको कार्यालय, महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेशानुसार मिति २०७२।०७।२९ च.नं. ४६५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त गौशाला नगरपालिका कार्यालय, महोत्तरीको मिति २०७२।११।१३, च.नं.१२६३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी बोधार्थको माध्यमबाट पुनरावेदकलाई समेत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्